चामुण्डाविन्द्रासैनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

जम्बुकाँध, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७८/०७९ (योजना शाखा)
च.नं. १८८६

मिति २०७९/०२/३१

विषय : वस्ति स्तरवाट योजना/कार्यक्रम छनौटको लागि बजेट सिमा तथा मार्गदर्शन पठाइएको वारे ।

श्री वडा कार्यालयहरु सवै
चामुण्डाविन्द्रासैनी नगरपालिका ,जम्बुकाँध ,दैलेख ।

नेपालको संविधान-२०७२, स्थानीय सरकार संचालन ऐन-२०७४, स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन -२०७४ (परिमार्जित), अन्तर सरकारी वित्त व्यवस्थापन ऐन- २०७४, बमोजि नेपाल सरकार र कर्णाली प्रदेश सरकारबाट आगामी आ.व.०७९/०८० को लागि प्राप्त वजेट सिलिङको आधारमा मिति २०७९/०२/३० गते वसेको यस नगरपालिकाको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिको वैठकले वडाहरुको लागि देहाय बमोजिमको वजेट सिमा निर्धारण गरेकोले यस नगरपालिकाको आर्थिक वर्ष ०७९/०८० को वार्षिक योजना तथा वजेट तर्जुमाको ७ चरण कार्यक्रम संचालन गरी मिति २०७९/०३/१० गते निर्देशिकाले निर्धारण गरेको मितिमा नगरसभामा आ.व. ०७९/०८० को नीति, योजना तथा बजेट प्रस्तुत गर्नु पर्ने भएकोले वडाहरुले संचालन गर्ने योजना तथा कार्यक्रमहरु बस्तीस्तरबाट छनौटगरी वडा समितिबाट प्राथमिकीकरण निर्धारण गरी निर्णय सहित यही २०७९ असार ४ गते भित्र यस नगरपालिकामा प्राप्तहुने गरी हार्ड कपी र सप्टकपी पठाउनु हुन वजेट तथा मार्गदर्शन यसैसाथ संलग्न राखि पठाईएको व्यहोरा अनुरोध छ ।

(मणिराम खराल)
प्रमुख प्रशासकीय अधिकृत



Scanned by CamScanner

१ नेपाल सरकार तथा कर्णाली प्रदेश सरकारबाट आ.व. २०७९/०८० मा यस चामुण्डाबिन्द्रासैनी नगरपालिकाको लागि प्राप्त बजेट सिलिङ।

| सि.नं. | आ.व. २०७९/०८० श्रोत अनुमानको विवरण | नेपाल सरकार | कर्णाली प्रदेश सरकार | रु हजारमा जम्मा बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | वित्तिय समानीकरण अनुदान | १०९,३०० | १०५६८ | ११९,८६८ | |
| २ | सशर्त अनुदान चालु (शिक्षा, स्वास्थ्य, प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण, कृषि, पशु सेवा, बहुक्षेत्रीय पोषण | १८९,८०० | ० | १८९,८०० | |
| ३ | सशर्त अनुदान पुँजीगत | १९५०० | ० | १९५०० | |
| ४ | समपूरक अनुदान | ५००० | ० | ५००० | |
| ५ | विशेष अनुदान | ५००० | ० | ५००० | |
| ६ | राजस्व बाँडफाँड | ९४३५४ | ११६९ | ९५५२३ | |
| ७ | आन्तरिक आम्दानी | ० | ० | ४००० | |
| | जम्मा | | | ४३८६९१ | |

मिति २०७९।०२।३० गते चामुण्डाबिन्द्रासैनी नगरपालिकाको श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले वडागत रुपमा गरेको बजेट सिमा निर्धारण।

| वडा नं. | जनसंख्या | भूगोल | जनसंख्याको आधारमा बजेट | भूगोलको आधारमा बजेट | गरिबी तथा अन्य आधारमा बजेट | जम्मा बजेट |
|---|---|---|---|---|---|---|
| १ | ३०१९ | ११।०१ | ४६००००।०० | २४३०००।०० | १७५७००० | २४६००००।०० |
| २ | ३१९१ | १२।१९ | ४८६०००।०० | २८४०००।०० | १७५७००० | २५२७०००।०० |
| ३ | २४६४ | ९।२८ | ३७५०००।०० | २०४०००।०० | १७५७००० | २३३६०००।०० |
| ४ | ३११० | १०।८२ | ४८६०००।०० | २३८०००।०० | १७५७००० | २४८१०००।०० |
| ५ | ३४८२ | ८।४५ | ५३००००।०० | १८६०००।०० | १७५७००० | २४७३०००।०० |
| ६ | ३२४२ | ११।६८ | ४९४०००।०० | २५७०००।०० | १७५७००० | २५०८०००।०० |
| ७ | २३२३ | १४।६२ | ३५४०००।०० | ३२२०००।०० | १७५७००० | २४३३०००।०० |
| ८ | २७३६ | ५।९९ | ४१७०००।०० | १३२०००।०० | १७५७००० | २३०६०००।०० |
| ९ | २५९३ | ५।८४ | ३९५०००।०० | १२८०००।०० | १७५७००० | २२८००००।०० |
| जम्मा | २६२४० | ९०।५९ | ३९९३०००।०० | १९९४०००।०० | १७५७००० | २१८०४०००।०० |

बस्ती तहका योजना छनौट गर्दा निम्न अनुसार गर्नु पर्दछ :

- ❖ वडा समितिले आफ्नो वडामा प्रतिनिधित्व गर्ने सदस्यहरुलाई विभिन्न बस्ती टोलको योजना तर्जुमा गर्ने सहजीकरण गर्नेगरी जिम्मेवारी प्रदान गर्नु पर्दछ।
- ❖ प्रत्येक वडाले वडाभित्रका बस्तीहरुमा योजना तर्जुमाको लागि बैठक हुने दिन मिति र समय कम्तिमा ३ दिन अगावै सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्दछ।
- ❖ बस्तीहरुका योजना छनौट गर्दा सो बस्ती भित्रका सबै वर्ग र समुदायका मानिसहरुको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ।
- ❖ टोल बस्तीमा हुने योजना तर्जुमा प्रकृयामा टोल बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरु, टोल विकास संस्था, आमा समूह, बाल क्लब, संजाल, युवा क्लब, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह जस्ता समूहहरुलाई पनि सहभागी गराउनु पर्नेछ।

Scanned by CamScanner

- माथि उल्लेख भए बँमोजिमका सरोकारवालाहरुको अधिकाधिक सहभागीता हुनेगरी वडा सदस्यको संयोजनमा निर्धारित समय मिति र स्थानमा उपस्थित भै योजना छनौटको सम्बन्धमा अन्तरकृया छलफल विमर्श गरी योजनाहरुको छनौट गर्नु पर्नेछ । यसरी छनौट भएका योजनाहरुको सूची सँयोजकले लिखित रुपमा वडा समितिमा पठाउनु पर्नेछ ।
- श्रोत अनुमान तथा वजेट सीमा निर्धरण समितिबाट प्राप्त बजेट सीमा र मार्ग दर्शनको आधारमा सम्वन्धित वडाहरुले वस्ती टोलबाट प्राप्त योजनाहरु मध्येबाट वडाको लागि प्राप्त बजेट सीमाको अधिनमा रही योजनाहरुको छनौट र प्राथमिकता निर्धारण समेत गरी अनुसूची ४ बमोजिमको ढाँचामा विषयगत समिति मार्फत वजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नु पर्दछ ।
- बस्ती टोलबाट योजना माग गर्दा वडास्तरका महत्वपूर्ण योजनाहरु छुट भएको अबस्थामा वडा समितिले त्यस्ता योजनाहरु वडा समितिको वजेट सिमाभित्र रही औचित्यको आधारमा समावेश गर्न सक्नेछ । वडाको वजेट सिमा भित्र कार्यान्वयन हुन नसक्ने गाउ नगर स्तरीय महत्वपूर्ण आयोजनाहरु भएमा वडा समितिले नगरपालिकामा छुट्टै सूची पठाउन सक्नेछ ।
- वडा समितिले आयोजनाको प्राथमिकीकरण गर्दा श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले तोकेको आधारहरु बँमोजिम गर्नु पर्नेछ ।
- आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुरयाउने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवनस्तर आम्दानी र रोजगारी बढने ।
- स्थानीय जनसहभागीता जुटने स्वयँ सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
- स्थानीय श्रोत साधन र सीपको अधिकतम् प्रयोग हुने ।
- महिला बालवालिका तथा पिछडिएको क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने ।
- दिगो विकास वाताबरणीय सँरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुरयाउने ।
- भाषिक तथा सँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्‌भाव तथा एकता अभिबृद्धिमा सघाउ पुरयाउने ।
- स्थानीय तहले ठानेका अन्य विषयहरु ।

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner